नेपाल सरकार
## कृषि तथा पशुपन्छी विकास मन्त्रालय
## कृषि विभाग
## राष्ट्रिय फलफूल विकास केन्द्र
### पहाडी क्षेत्र काष्ठफल तथा फलफूल विकास आयोजना
# केन्द्रीय आयोजना व्यवस्थापन एकाइ
## कीर्तिपुर, काठमाडौँ

**प्रथम पटक प्रकाशित मिति : २०८१।०७।२९**

# निजी फलफूल नर्सरी सुदृढीकरणका लागि प्रस्ताव आह्वान सम्बन्धी सूचना ।

"**निजी फलफूल नर्सरी सुदृढीकरण कार्यक्रम सञ्चालन कार्यविधि, २०८१**" अनुसार गुणस्तरीय फलफूल विरुवा उत्पादन गर्न निजी फलफूल नर्सरी तथा प्रयोगशाला सहितको नर्सरीहरूको क्षमता वृद्धि गर्नका लागि अधिकतम ५० प्रतिशत अनुदान प्रदान गर्ने कार्यक्रम रहेकाले आयोजना लागू भएका प्रदेशहरूबाट सम्बन्धित स्थानीय तहहरूमा सेवा दिनसक्ने, कानून बमोजिम दर्ता भई सञ्चालनमा रहेका निजी नर्सरीहरूले आवश्यक कागजात सहित प्रदेशस्थित आयोजना कार्यान्वयन एकाइ वा केन्द्रीय आयोजना व्यवस्थापन एकाइ, कीर्तिपुरमा सूचना जारी भएको मितिले ३० दिनभित्र प्रस्ताव दर्ता गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ ।

**नोटः** कार्यक्रम सम्बन्धी विस्तृत जानकारी तथा अनुसूची फारामहरू **https://ncfd.gov.np/index.php/nafha–other–publications** मार्फत् "**निजी फलफूल नर्सरी सुदृढीकरण कार्यक्रम सञ्चालन कार्यविधि, २०८१**" बाट प्राप्त गर्न सकिनेछ ।

**प्रस्ताव पेश गर्दा संलग्न गर्नुपर्ने कागजातहरू :**

(क) अनुसूची-२ बमोजिमको निवेदन ।
(ख) अनुसूची-३ बमोजिमको व्यावसायिक योजना सहितको प्रस्ताव ।
(ग) नर्सरी दर्ता, नवीकरण, कर चुक्ता, स्थायी लेखा नं. प्रमाणपत्रको प्रतिलिपि ।
(घ) संस्थागत बैठकको निर्णय प्रतिलिपि, कम्पनीको हकमा प्रवन्ध पत्रको प्रतिलिपि तथा अन्यको हकमा फलफूल नर्सरी सञ्चालनको उद्देश्य खुलेको आधिकारिक कागजात ।
(ङ) प्रस्तावित कार्यक्रम सञ्चालन हुने जग्गाको आफ्नो स्वामित्वको प्रमाण (लालपुर्जाको प्रतिलिपि) वा जग्गा भाडा वा करार गरेको भए कम्तीमा १५ वर्ष अवधिको सम्झौताको प्रतिलिपि ।
(च) अनुसूची-४ बमोजिमको प्रतिबद्धता पत्र, अनुसूची-५ बमोजिम लगानीको क्षमता रहेको स्वघोषणा ।
(छ) अनुसूची-६ बमोजिमको वातावरणिय स्क्रिनिङ चेकलिस्ट ।
(ज) अनुसूची-७ बमोजिमको सामाजिक प्रभाव पहिचानका लागि निरीक्षण जाँच सूची ।
(झ) नेपाल इन्जिनियरिङ परिषद्बाट स्वीकृत प्राप्त इन्जिनियरबाट तयार गरिएको पूर्वाधारको डिजाइन तथा लागत अनुमान ।
(ञ) आवेदकको नेपाली नागरिकताको प्रतिलिपि तथा आधिकारिक प्रतिनिधि भई अनुदान सम्बन्धी कार्य गर्ने व्यक्ति तोकिएको भए संस्थागत निर्णय सहित उक्त प्रतिनिधिको नागरिकताको प्रतिलिपि र नमूना दस्तखत समेत ।
(ट) सम्बन्धित जिल्लाको जिल्ला दर रेट ।

**थप जानकारीका लागि** : केन्द्रीय आयोजना व्यवस्थापन एकाइ कीर्तिपुर, सम्पर्क नम्बर (फोन नं.: ०१-५९०५०३७ मो.नं.: ९८५११४१६९८, ९८५८०५२३७०), प्रदेशस्थित आयोजना कार्यान्वयन एकाइहरू कोशी, बागमती, गण्डकी, कर्णाली र सुदूरपश्चिम प्रदेश ।